नेपाल सरकार
युवा,श्रम तथा रोजगार मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
**श्रम तथा रोजगार कार्यालय**
भन्सार मार्ग, टेकु, काठमाडौं

फोन: ०१ ५३४२१३८
०१ ५३१९६२०
इमेल: info@loba.gov.np
Web: www.loba.gov.np
*नोट: यो पत्रको जवाफ पठाउनुहुदाँ अनिवार्य प.सं., च.नं. र मिति उल्लेख गर्नुहोला ।*

| प.सं: | ०८२/०८३ | | च.नं. ३१०६ |
|---|---|---|---|

मिति:२०८३/०३/१६

श्री अनुप राजभण्डारी,
अख्यिारप्राप्त व्यक्ति,
अखिल नेपाल होटल क्यासिनो तथा रेष्टुराँ मजदुर संघ क्यासिनो प्राईड,
बौद्ध,काठमाण्डौ ।

विषय: स्पष्टिकरण पेश गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहाँ ट्रेड युनियनले नविकरण गरी पाउँ भनी यस कार्यालयमा मिति २०८२।०४।२० मा दर्ता भएको निवेदन उपर कारवाही हुदा यस कार्यालयले च.नं.७०८,७०९ मिति २०८२।०५।१९ दावी उजुरीका सम्बन्धमा सूचना प्रकाशित गरेको । सो सूचना प्रतिष्ठानको सूचना पाटीका टांस गरी मुचुल्का पठाई दिने बारे विषयको पत्र व्यवस्थापकलाई प्रेषित गरेकोमा सो पत्र व्यवस्थापकलाई बुझाउने गरी तपाईको साथी श्री सुदर्शन तिम्लसिनाले बुझेकोमा हालसम्म व्यवस्थापकबाट बुझेको भर्पाइ प्राप्त नभएको ।

प्राइड इन्टरटेण्डमेन्ट तथा रिक्रियसन प्रा.लि.को मिति २०८३।०२।२५ को पत्रानुसार २०८२ भदौ २३ र २४ गते भएको आन्दोलनको समयमा सो प्रतिष्ठानमा आगजनी तथा लुटपाट भई हालसम्म संचालनमा नरहेको जानकारी प्राप्त भएको । साथै प्रतिष्ठान र तहाँ क्रियाशील ट्रेड युनियनबिच मिति २०८२।०६।०५ मा भएको सम्झौताको बुदाँ नं.२ मा सम्पुर्ण करार सेवाका श्रमिकहरुसंगको करार सम्झौता अन्त्य गर्ने र स्थाई सेवामा रहेका सम्पुर्ण श्रमिकहरुलाई क्यासिनो सञ्चालनमा नआएसम्मका लागि विदामा पठाउने सहमति भएको देखियो । तसर्थ: प्रतिष्ठान संचालनमा नरहेको र प्रतिष्ठानमा कार्यरत सम्पुर्ण श्रमिकहरुलाई विदामा पठाएको अवस्थामा सो प्रतिष्ठानमा आवद्ध अखिल नेपाल होटल क्यासिनो तथा रेष्टुराँ मजदुर संघ क्यासिनो प्राईड नामक प्रतिष्ठानस्तरको ट्रेड युनियन नविकरण प्रक्रिया रोकि खारेज किन नगर्ने ? सो सम्बन्धमा स्पष्टिकरण यो पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र पेश गर्नु हुन अनुरोध छ ।

..................
(उदय कुमार गुप्ता)
पञ्जिकाधिकारी

बाल बालिकालाई श्रममा नलगाऔं, बालश्रम मुक्त राष्ट्र निर्माण गरौं ।